nepalpostdaily.com

# नेपाल पोष्ट डेली
दैनिक

30°C । वर्ष : १०, अंक : ३५७ पृष्ठ ४ । शुक्रबार,२३ साउन २०८२ । FRIDAY, AUGUST 08, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैयाँ

## पर्सामा मल वितरणमा अनियमितता बढेपछि प्रशासनको कडाइ : सहकारी र डिलरलाई कडा निर्देशन



**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,२२ साउन ।*

पर्सा जिल्लामा रासायनिक मल वितरण प्रणालीमा देखिएको अव्यवस्था, अपारदर्शिता र बढ्दो गुनासोपछि जिल्ला प्रशासन कार्यालयले कडा कदम चालेको छ। सहकारी संस्था र थोक विक्रेतालाई मल वितरण प्रक्रिया किसानमैत्री, पारदर्शी र नियमनयुक्त बनाउन स्पष्ट निर्देशन दिइएको हो। बुधबार जिल्ला प्रशासन कार्यालयमा आयोजित सरोकारवाला निकायको बैठकपछि प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले मल अनुदानमा पाउने सहकारीहरूले किसानबाहेक अन्यलाई मल वितरण गरेमा कडा कारवाही हुने चेतावनी दिएका छन्। उनले भने, "वास्तविक किसान मल नपाउने, सहकारीले एग्रोभेटमार्फत बिक्री गर्ने जस्ता गुनासा बढेका छन्। अब यस्ता अनियमितता सह्य हुनेछैन। नियमित अनुगमन र कानुनी कारवाही सुरु हुन्छ।" वर्तमानमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले आयात गर्ने मल स्थानीय तहको सिफारिसमा सहकारी र डिलरमार्फत वितरण गरिँदै आएको छ। खेतीयोग्य जमिनको क्षेत्रफल, अघिल्लो वर्षको खपत र बालीको सघनताको आधारमा मलको कोटा निर्धारण हुन्छ। प्रदेश कार्यालय बीरगन्जका प्रमुख दुर्गाप्रसाद पाण्डेले पनि सहकारीहरूले किसानबाहेकलाई मल बाँडेमा कडा कारवाही हुने स्पष्ट पारे। सरकारले हाल युरिया मल ५० किलो बोराको मूल्य रु ७५०, डिएपी रु २,२०० र पोटास रु १,५०० मा निर्धारण गरेको छ। सहकारीले भने ढुवानी खर्च छुट्टै लिन पाउने व्यवस्था छ। तर साल्ट ट्रेडिङ कर्पोरेशन पर्साका प्रमुख आमोज लामिछानेका अनुसार जिल्लामा हाल मागको केवल ६० प्रतिशत मल मात्र उपलब्ध हुँदै आएको छ। "मल प्रयोग अघिल्लो वर्षको तुलनामा दोब्बर भएकोले आपूर्ति गर्न हम्मे-हम्मे परेको छ," उनले बताए। टारीमाई कृषि सहकारीका अध्यक्ष हरेराम साहले ग्रामीण क्षेत्रमा मल पुऱ्याउने क्रममा ट्राफिक प्रहरीबाट असहजता भोग्नुपरेको गुनासो गरे। "गण्डकचोक, पावरहाउस र ड्राइपोर्ट आसपास ट्राफिक प्रहरीले ट्याक्टर हरूबाट १००-१०० रुपैयाँ उठाउने

बाँकी तेश्रो पृष्ठमा

## बारामा पोखरीमा डुबेर ७ वर्षीय बालककको मृत्यु



**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,२२ साउन ।*

बाराको कलैया उपमहानगरपालिका-३, गङ्गापुरमा पोखरीमा डुबेर ७ वर्षीय बालकको ज्यान गएको छ। मृतक बालक गङ्गापुरका रामईश्वर साहका छोरा सञ्जीत साह रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। स्थानीय छठ पर्वका लागि निर्माण गरिएको पोखरीमा बुधबार सञ्जीत डुबेका थिए।

डुबेको अवस्थामा भेटिएपछि स्थानीयले उनलाई तुरुन्त उद्धार गरी कलैयास्थित आशीर्वाद अस्पताल पुऱ्याए पनि चिकित्सकहरूले मृत घोषणा गरेका थिए। घटनाबारे प्रहरी निरीक्षक खेम नेपालले पुष्टि गर्दै थप अनुसन्धान जारी रहेको जानकारी दिएका छन्। यस घटनाले सार्वजनिक स्थानमा बालबालिकाको सुरक्षाप्रति गम्भीर चिन्ता व्यक्त गरिएको छ। स्थानीय बासिन्दाहरूले यस्तो दुर्घटना रोक्न आवश्यक सुरक्षा व्यवस्था गर्न स्थानीय तहले विशेष ध्यान दिनुपर्ने बताएका छन्।

## पुरानै सञ्चालक प्रिस्टिनले फेरि पायो सिर्सिया सुक्खा बन्दरगाहको जिम्मा



**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,२२ साउन ।*

नेपालको पहिलो र सबैभन्दा ठूलो सुक्खा बन्दरगाह सिर्सिया सुक्खा बन्दरगाह पुनः भारतीय कम्पनी प्रिस्टिन मेगा लजिस्टिक पार्कले सञ्चालन गर्ने भएको छ। बिहीबारदेखि उक्त कम्पनीले पाँच वर्षका लागि बन्दरगाहको व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी पाएको हो। यसअघि यही कम्पनीले नेपाली भ्याली टर्मिनल प्रालिसँग संयुक्त रुपमा 'प्रिस्टिन-भ्याली' नामक ज्वाइन्ट भेन्चरमार्फत पाँच वर्षसम्म बन्दरगाह सञ्चालन गरेको थियो। इन्टरमोडल यातायात विकास समितिद्वारा आह्वान गरिएको प्रतिस्पर्धात्मक टेन्डरमा प्रिस्टिनले ४ अर्ब ७१ करोड रुपैयाँको प्रस्तावसहित प्रतिस्पर्धा गर्दै अर्को भारतीय कम्पनी कोंकर कर्पोरेसन इन्डियालाई पछि पार्दै टेन्डर जितेको हो। कोंकर भारतीय रेल्वेको सहायक कम्पनी हो, जसले ४ अर्ब ५० करोड ९० लाख रुपैयाँको प्रस्ताव दिएको थियो। सन् २००४ देखि सञ्चालनमा आएको सिर्सिया सुक्खा बन्दरगाह ३८ हेक्टर क्षेत्रफलमा फैलिएको र १,५८६ कन्टेनर व्यवस्थापन गर्न सक्ने क्षमता भएको संरचना हो। तर व्यावहारिकरूपमा सधैं क्षमताभन्दा बढी कन्टेनरको चापका कारण सञ्चालक कम्पनीले व्यवस्थापनमा चुनौती भोग्दै आएको छ। यो बन्दरगाह भारतीय रेल्वे सञ्जालसँग प्रत्यक्ष जोडिएको भएकाले यहाँबाट कोलकाता, हल्दिया र विशाखापटनमजस्ता भारतीय समुद्री बन्दरगाहहरूसँग व्यापारिक सम्पर्क हुने गरेको छ। नेपालले यही माध्यमबाट चिनी, रासायनिक मल, फलाम, कोइला लगायतका वस्तु आयात गर्दै आएको छ। **पाँच वर्षमा ५ हजारभन्दा बढी**

बाँकी तेश्रो पृष्ठमा

## सात दिनको कठिन यात्रा पछि कावरियाहरूको जिराभवानी मन्दिरमा जल अर्पण



**नेपाल पोष्ट संवदाता-**
*बीरगन्ज,२२ साउन ।*

सात दिन लामो पैदल यात्रा पूरा गर्दै साउन महिनाको त्रयोदशीका दिन आज सयौं कावरियाहरूले पवित्र जिराभवानी मन्दिरमा जल अर्पण गरेका छन्। बाबा वटेश्वरनाथ कावरिया संघको नेतृत्वमा परासीस्थित नारायणी नदीबाट जल संकलन गरी सुरू भएको यो यात्रा धार्मिक आस्था र समर्पणको प्रतीक बनेको छ। साउन १५ गते प्रारम्भ भएको यात्रामा करिब ७०० कावरियाहरू सहभागी थिए। संघका सदस्य बैजनाथ दास थारुका अनुसार कावरियाहरूले भारतीय भूभाग हुँदै कठिन पैदल यात्रा तय गरेर आज बिहान जिराभवानी मन्दिरमा पुगी भगवान शिवलाई जल अर्पण गरेका हुन्। यात्रामा नेपालका जिराभवानी, जगरनाथपुर र पटेर्वासुगौली गाउँपालिकाका साथै भारतका भंगहा, रामपुर, सिसवा, बेहतरी, धुमाटाड र जसौली क्षेत्रका श्रद्धालुहरू सहभागी थिए। कावरियाहरूको स्वागतका लागि प्रदेश सांसद शंकर प्रसाद चौधरी, जिराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरी र उपाध्यक्ष रेखा चौधरी स्वयं मन्दिर परिसरमा पुगेका थिए। गाउँपालिकाले श्रद्धालुहरूको सुविधाका लागि खाजा, खानेपानी, स्वास्थ्य परीक्षण र औषधोपचारको व्यवस्था मिलाएको थियो। पूजापाठ तथा जल अर्पण शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सशस्त्र प्रहरी र जनपद प्रहरी पनि परिचालन गरिएको थियो। साउन महिना हिन्दू धर्मावलम्बीका लागि विशेष मानिन्छ। विशेषगरी भगवान शिवको आराधनामा समर्पित यो महिनामा जल चढाउने परम्परालाई कावरिया यात्राले अझै विशेष बनाएको देखिन्छ। जिराभवानी मन्दिरमा आयोजित यो जल अर्पण

बाँकी तेश्रो पृष्ठमा

## बीरगन्जमा किशोरीमाथि भएको बलात्कार प्रकरणप्रति राष्ट्रिय समता पार्टीको गम्भीर ध्यानाकर्षण

*बीरगन्ज,२२ साउन ।*

बीरगन्ज महानगरपालिका-१३ स्थित राधेमाई टोलमा घटेको एक अत्यन्तै पीडादायक घटनाले स्थानीयवासी मात्र नभई सिङ्गो समाजलाई नै झस्काइदिएको छ। मोटरसाइकल मर्मत पेशामा संलग्न नेक मोहम्मद र अफ्ताव अन्सारी नामक दुई युवाले एक किशोरीलाई तीन दिनसम्म बन्धक बनाई बसपार्क नजिकैको एक होटलमा बारम्बार बलात्कार गरेको, त्यसपछि गम्भीर अवस्थामा घडिअर्वा पोखरी क्षेत्रको गल्लीमा फालेको आरोप सार्वजनिक भएपछि यसप्रति देशव्यापी आक्रोश चुलिएको छ। यस अमानवीय घटनाप्रति राष्ट्रिय समता पार्टी नेपाल, बीरगन्ज महानगर समितिले तीव्र आपत्ति जनाउँदै दोषीमाथि कडा कारवाहीको माग गरेको छ। पार्टीका नगर संयोजक अमर सर्राफको नेतृत्वमा पर्सा जिल्ला प्रशासन कार्यालयमा बुझाइएको ध्यानाकर्षण पत्रमा उक्त घटनालाई समाजका चेली-बेटीहरूको अस्मितामाथिको गम्भीर प्रहारको रूपमा चित्रित गरिएको छ। ध्यानाकर्षण पत्रमा भनिएको छ, "यो केवल एक किशोरीमाथिको अपराध होइन, सम्पूर्ण नारी अस्तित्वमाथि कुठाराघात हो।" पार्टीले अनुसन्धान प्रक्रियामा कुनै किसिमको राजनीतिक प्रभाव, मिलोमतो वा दबाव सहन नहुने उल्लेख गर्दै अपराधीलाई उन्मुक्ति दिन खोजिए कडा प्रतिवाद गर्ने चेतावनी दिएको छ। राष्ट्रिय समता पार्टीले यदि न्याय सुनिश्चित नभएमा सडकमा उत्रन समेत बाध्य हुने स्पष्ट सन्देश दिएको छ

## पर्साको भाठा धाममा धर्मशाला १५ वर्षदेखि अधुरो

**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,२२ साउन ।*



पर्सा जिल्लाको पटेर्वा सुगौली गाउँपालिका-१ मा अवस्थित प्रसिद्ध धार्मिक स्थल रामभौरी भाठा धाम मा रहेको दुग्धेश्वरनाथ महादेव मन्दिरको धर्मशाला निर्माण कार्य १५ वर्षदेखि अधुरो छ। स्थानीय बासिन्दा र मन्दिर व्यवस्थापन समितिले चन्दा संकलन र श्रमदानमार्फत धर्मशाला निर्माण थाले पनि आवश्यक बजेट नपुग्नु र राष्ट्रिय निकुञ्जको अनुमति प्रक्रियामा अड्किएपछि निर्माण कार्य रोकिएको हो। दुग्धेश्वरनाथ महादेव मन्दिर निर्माण तथा संरक्षण समितिका अध्यक्ष अलखदेवप्रसाद थारूका अनुसार धर्मशालामा करिब एक हजार भक्तजन अट्न सक्ने व्यवस्था मिल्नेछ। तर अहिलेसम्म आधारभूत संरचनासमेत पूर्ण नहुनु दुःखद पक्ष हो। "गाउँले स्वयंले चन्दा उठाएर र श्रमदान गरेर दुई तल्ले धर्मशाला बनाउन थाल्यौं," अध्यक्ष थारू भन्छन्, "तर निकुञ्ज प्रशासनले संरचना निर्माणमा रोक लगाएपछि काम बीचमै रोकियो।" अहिलेसम्म धर्मशालाको दुई तल्ला ढलान गरिएको छ। तर झ्याल, ढोका, शौचालय, प्लास्टरजस्ता काम गर्न बाँकी छन्। समितिका अनुसार अब काम पूरा गर्न अझै करिब दुई करोड रुपैयाँ आवश्यक छ। भाठा मेला व्यवस्थापन समितिका अध्यक्ष गेनालाल पटेलका अनुसार अहिलेसम्म कुनै पनि सरकारी निकाय वा जनप्रतिनिधिबाट सहयोग पाइएको छैन। "संघीय र प्रदेश सरकारमा पर्सावाट पाँच मन्त्री रहे पनि यो धार्मिक स्थलको विकासमा कसैको चासो छैन," पटेल गुनासो गर्छन्, "पानी परेका बेला ओत लाग्ने र राति बस्न मिल्ने व्यवस्था भए भक्तजनलाई राहत मिल्थ्यो।" धर्मशाला पर्सा राष्ट्रिय निकुञ्जको चुरे डाँडाभित्र पर्छ। मन्दिर परिसर वन क्षेत्रमै पर्ने भएकाले संरचना निर्माणका लागि सरकारी अनुमति प्रक्रिया निकै झन्झटिलो भएको

बाँकी तेश्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

# सम्पादकीय

## विपद्प्रति सचेत हुने कि ?

भारतको उत्तराखण्डस्थित उत्तरकाशी जिल्लामा पर्ने धराली बजार मंगलबार परेको छिनभरको वर्षासँगै आएको बाढीले तहसनहस बन्यो । बाढीमा परि दर्जनौंले ज्यान गुमाए । धराली गंगोत्री धामबाट नजिकैको क्षेत्र हो । जुन क्षेत्रमा नेपालीहरू पनि तीर्थ यात्रामा जाने गर्छन् । धरालीको घटनाले नेपाललाई पनि फेरि एकपटक विपद्प्रति हेक्का राख्न सुझाएको छ । किनकि नेपालका अधिकांश भूगोल धराली बजारसँग मिल्दोजुल्दो छ । यसैगरी, छिनभरमै तहसनहस हुने जोखिममा छन् । जसबाट सचेत हुनुपर्ने आवश्यकता हाम्रा लागि छ । हुन त नेपाल-चीन मितेरी पुल बगाउनेगरी रसुवामा बाढी आएको धेरै भएको छैन । जसले ठुलै तहमा जनधनको क्षति बनाएको थियो । असार २४ मा आएको सो बाढीको असर अझै पनि साम्य भइसकेको छैन । किनकि बाढीसँगै रोकिएको नेपाल-चीन आवागमन अझै पनि सहज बनेको छैन । जसले नेपालको आर्थिक गतिविधिमै पनि ठुलो असर गरेको छ । नेपालले विपद् जन्य घटना निरन्तर बेहोरिरहेको छ । बाढी, पहिरो, डुबानका घटना एकपछि अर्को गरी घटिरहेका छन् । पछिल्लो समय जलवायु परिवर्तनले पारेको प्रभावले पनि एकपछि अर्कोगरी यस्ता घटना मात्रात्मक रूपमा बढी देखिएका छन् । गत वर्षको भदौमा सोलुखुम्बुमा दुईवटा हिमताल फुट्दा थामे गाउँ नै तहसनहस बन्यो । जसमा मानवीय क्षति न्यून तहमा भए पनि भौतिक क्षति भने निकै उच्च तहमा भयो । बाढीमा परी दर्जनौं परिवारले आवास गुमाए । भदौमा हिमाली क्षेत्रमा क्षति बेहोरेको नेपालले मनसुनको अन्तिमतिर काठमाडौं उपत्यकामै क्षति बेहोर्नपुग्यो । 'रेकर्ड ब्रेक' वर्षासँगै आएको बाढीले उपत्यकाभित्रै ठुलो क्षेत्रलाई प्रभावित बनायो । बाढीमा परी तीन दर्जनभन्दा बढीले ज्यान गुमाए । समथर भूभाग भए पनि उपत्यकाभित्रै डुबानको अनौठो समस्या देखियो । जलवायु परिवर्तनको असर विशेषगरी पहाडी र हिमाली क्षेत्रमा देखिँदै छ । जसको प्रभाव स्वरूप यस्ता प्रकृतिका घटनामा उच्च वृद्धि भइरहेको छ । नेपाल आफैंमा पहाडी मुलुक हो । देशको कुल भूभागको ६८ प्रतिशत पहाडी क्षेत्रमा पर्छ । २०७८ मा भएको जनगणनाअनुसार जनसंख्याको ४२.२५ प्रतिशत जनसंख्या पहाडी क्षेत्रमा बसोबास गर्छन् । जलवायु परिवर्तनको असरले सबैभन्दा बढी पहाडी र हिमाली क्षेत्रलाई जोखिमयुक्त बनाएको छ । यस्तोमा ठुलो भूगोल र जनसंख्या जोखिममा छ । यस्तो अवस्थामा मुलुकले जलवायु परिवर्तनले पारेको प्रभाव र सम्भावित जोखिमलाई उच्च ध्यान दिन आवश्यक छ । विपद्पछि पछुताउने भन्दा विपद्अघि नै जोगिने उपाय खोज्नु अनिवार्यता छ । एकपछि अर्को गरी घटिरहेका घटनाबाट समयमै सचेत हुने कि ?

# मधेशमा बन्द मुट्ठीको राजनीति

**चन्द्रकिशोर**



एक थिए शिवु सोरेन । उनी आदिवासी राजनीतिमा जिउँदै किंवदन्ती बनिसकेका थिए । महाजनहरूद्वारा आदिवासीहरूका खेती कब्जा गर्नु, उनलाई हरूवाचरुवा बनाउनु र चक्रवृद्धि ब्याजमा तिनीहरूलाई घेरा हाल्नु आम चलनजस्तै थियो त्यतिखेरको भारतीय राज्य बिहारतिर । जो भूगोल अहिले झारखण्ड प्रदेश बनेको छ, यो प्रदेश बनेको पनि पच्चीस वर्ष पूरा भयो । भुइँ तहमा व्याप्त यस्ता थिचोमिचो र विभेदका खिलाफ शिवु सोरेनले सन् सत्तरीको दशकमा 'धान कटनी आन्दोलन' सुरु गरे । उनले नारा दिए- 'धान बाली जसले लगाउँछ, उसले धान काट्छ ।' यस आन्दोलनले उनलाई आदिवासीहरूको मनमा ' दिशोम गुरु' बनाइदिए- दिशोम अर्थात् 'देश-समाज' र गुरु अर्थात् मार्गदर्शक । भनिन्छ, सोरेनको जीवनवृत्त झारखन्डकै आत्मा र संघर्षको कथा हो । यही ४ अगस्टका दिन उनी बिते । शिवु सोरेनका छोरा हेमन्त सोरेन बाबुबारेको एउटा प्रसंग उल्लेख गरेका छन् । बाल्यकालमा उनका पितालाई सोधिएको थियो कि सबैले तपाईंलाई दिशोम गुरु भनेर किन सम्बोधन गर्दा रहेछन् ? उनले जवाफ दिएका थिए रे- 'किनकि मैले आदिवासीहरूका दुःख सम्झें र तिनका लडाइँलाई आफ्नो लडाइँ बनाएँ ।' पछि झारखण्ड प्रदेश बिहारबाट टुक्रिएर बन्यो, जो शिवु सोरेनको सपना थियो । तर उनले सत्तालाई कहिल्यै पनि उपलब्धि ठानेनन् । शिवुले भनेका थिए- 'ये राज्य मेरे लिए कुर्सी नहीं, यह मेरे लोगों की पहचान है ।' शिवु सोरेनको राजनीतिक यात्रा झारखण्ड प्रदेश बनेर पनि सरल रेखामा हिँडेन । तत्पश्चात् पनि उनले अनेकौं आरोप, लाञ्छना र अपमान बेहोर्दै रहनुपर्‍यो । तर आदिवासी समुदायले शिवु सोरेनलाई आफ्नो आत्मीय आवाज अन्तिम समयसम्म मान्दै रह्यो । यो नै शिवु सोरेनको सामर्थ्य थियो । हाम्रो सन्दर्भमा कुरा गर्दा मधेशी आन्दोलनसँग जोडिएका नेताहरू संघर्षका राजनीतिलाई संविधान निर्माणपछिका कालखण्डमा बिसाएर संसदीय राजनीतिको व्याकरण सिक्न प्रशस्त गृहकार्य गरे । सत्ताको रहस्यमय संसारमा प्रवेश पाउनका लागि वर्चस्वशाली शक्ति समूहका सर्तहरू स्वीकार गर्दै रहे । तर मधेशले पाउनुपर्ने 'स्पेस' मा तगाराहरू थपिँदै रह्यो ।

संविधान निर्माण गर्ने मुख्य तीन राजनीतिक दलहरू नेपाली कांग्रेस, एमाले र माओवादीमध्ये आलोपालो सरकारमा रहँदै आएको हुनाले यिनीहरूमध्ये यतिखेर को कहाँ छन् भन्दा पनि यिनीहरू समावेशी राज्य निर्माणप्रति अनिच्छुक छन् । हाम्रो लोकतन्त्र संविधानको प्रस्तावनाअनुसार हामी नेपालीका लागि, हामी नेपालीद्वारा, हामीमै आत्मार्पित छ । तर एक दशकको अभ्यासले यो संविधान यिनै तीन दलका लागि, यिनै तीन दलद्वारा, तीन दलकै हितार्थ समर्पित छ । पहिलो संविधानसभाका बखत मधेशी शक्तिको उदय नेपाली राजनीतिमा एक नकारात्मक स्वरका खिलाफ एक सलामीयुक्त फैसला थियो । तत्पश्चात् निरन्तर मधेशी शक्ति क्षीण हुँदै जानु नेपाली राजनीतिको एक पीडाकाव्य हो, जसलाई मुख्यधारा कहलिनेहरूले सधैं उपेक्षा गरे । संघर्ष तत्त्व बोकेको मधेशको राजनीतिक र सामाजिक यात्रालाई बुझ्न जरुरी छ किनभने यो यात्रा नेपालका वर्चस्वशाली समूहका गोलचक्कर, तिनका व्यूह रचना र प्रतिकारमा अल्झिएर डेग बढाएको छ । तसर्थ मधेश राजनीति भुइँसँग जोडिएको, मजबुत संकल्प र पहिचान संघर्षको एक विचित्र गाथा हो । मधेश राजनीति आफ्ना तमाम सीमाहरूका बाबजुद वर्चस्वशाली सत्ताका लागि एक 'अप्रिय प्रश्न' बनेर अंकुरित भयो । मधेश मुद्दालाई समर्थन गर्नेभन्दा मुख्यधाराले लाञ्छना लगाउँदै रह्यो । यसका बाबजुद ऐक्यबद्ध मधेशी शक्तिले नेपालका वञ्चित चेतनालाई राजनीतिक आवाज दिए । यही कारण हो, मधेशका कुनै नेता वा दल सत्तासमक्ष अवश्य पुगे तर त्यो पात्र तिनका छेउछाउ असहज कुर्सीका रूपमा रहे । कोही उपप्रधानमन्त्री, मन्त्री वा मुख्यमन्त्रीको कुर्सीमा बसे पनि वर्चस्वशाली समूहले तिनलाई चैनसँग टिक्न दिएनन् । जो मधेशी नेता सत्तालाई स्थायी ठाने तिनले कालान्तरमा बडो अपमान बेहोर्नुपर्‍यो । मधेश राजनीतिको अनुभवजन्य सत्य हो- सत्ता तिनका लागि एक अस्थायी बिसौनी हो । यतिखेर मधेशलाई मुख्य आधार बनाएर नेपालमा समतामूलक समाज बनाउने सपना बोकेका शक्तिहरू 'संयुक्त लोकतान्त्रिक मोर्चा' बनाएका छन् । समसामयिक विषयमा साझा मत सार्वजनिक गरिरहेका छन् । काठमाडौंको जनसंवादपछि अब मधेश झर्ने योजनामा छन् । मधेश राजनीतिमा सबै नेताका पृष्ठभूमि, पहिचान र प्रतिबद्धता एक प्रकारको छैन । मोर्चामा आबद्ध कोही सत्तामा छन्, कोही बाहिर । तर सबैको बुझाइमा एक आधारभूत समानता छ, 'त्यो हो सत्ताले हामीलाई फगत उपयोग गरिरहेको छ । सत्ताले हाम्रो आधार भूमिमै हामीलाई आधारहीन बनाउँदै छन् ।' यस आलोकमा भन्नुपर्ने हुन्छ, मधेश राजनीतिका कथामा महत्त्वपूर्ण सन्देश तिनका सफलतामा होइन, जहाँ असफल भयो, त्यहाँबाट सिक्नुपर्ने हो । मधेश राजनीतिको लक्ष्य स्पष्ट हुनुपर्ने हो- मधेशका भविष्यका लागि व्यक्तिगत महत्त्वाकांक्षा र अल्पकालिक राजनीतिक लाभभन्दा माथि उक्लिनुपर्छ । यो मोर्चा बनेको देखेर कोही छटपटिनुपर्ने, आत्तिनुपर्ने पनि होइन । मधेशले जहिल्यै पनि मध्यमार्गी राजनीतिलाई पोषित गरेको छ । सशस्त्र संघर्ष र पृथकतावाद आममधेशी जनको रोजाइमा छैन । संविधानले आत्मसात् गरेको संघीयता र समावेशीलाई प्रभावकारी बनाउने, सुशासन र समृद्धिलाई सही अर्थ दिने, मूलतः यही अभीष्ट हो मोर्चाको । मोर्चाको निर्माण गति र यात्रा मन्द छ । तर मोर्चा बिस्तारै लिक समाउँदै छ । एकअर्काका अस्तित्वलाई स्वीकार नगर्ने, एकअर्काको आलोचना र आक्षेप गर्ने, आपसी बातचितबाट टाढा बस्ने प्रवृत्तिगत अनिकाल समाप्त हुँदै छ । एक ठाउँमा बस्नु र नेपाली लोकतन्त्रका समस्यालाई केलाउनु, त्यसप्रति साझा मत राख्नुजस्ता कार्य सानो-सानो देखिए पनि यही सानो पाइलाले मधेश राजनीतिमा छलाङ लगाउँछ । संविधान निर्माणपछिका वर्षहरूमा

बाँकी तेश्रो पृष्ठमा⇨

# "सडक नै विकास" ठान्ने सोचको दुश्चक्र

**उद्धव प्याकुरेल**

विकास' शब्द आफैंमा बहुआयामिक छ । कतिले यसलाई समग्रमा समाज या मानव जातिले लिएको या लिन खोजेको सकारात्मक परिवर्तन भन्छन् भने कतिले त्यसभित्रको कुनै वर्ग या समूहमा आएको परिवर्तन हो भन्छन् । कसैले त त्यसभित्रको एउटा पक्ष अर्थात् समग्रतामा सकारात्मक हुन आवश्यक पूर्वाधारमध्येको पनि एउटा अवयवलाई विकास भनेर हेरिरहेको पाइन्छ । विकासको अवधारणाबारे चर्चा गर्दा 'कसको विकास', 'केको विकास', 'के उद्देश्यका लागि कसले चलाएको विकास' भनेरसमेत हेर्नुपर्ने अवस्था आएको छ । किनभने यस्ता बहुआयामिक पाटा भएको अति बृहत् सन्दर्भलाई नजरअन्दाज गर्दै त्यसभित्रको एकाध स्वरूपलाई मात्र हेरेर कुनै ठाउँमा 'विकास' भएको वा कमजोर या 'विकासमा पछि परेको' को चर्चा गरिन्छ । समाज र संस्कृतिकै अध्येता देखाउन खोज्नेहरू पनि खासगरी समग्र समाज विकास जताउँदा हेरिने एउटा सानो पाटो अर्थात् भौतिक संरचना हेरेर ' वाह' भन्ने गर्छन् र त्यही बृहत् सन्दर्भको एउटा सामान्य पाटोलाई बोलीचालीको भाषामा परिणत गरी दह्रो सामाजिक भाष्य नै निर्माण गरिदिन्छन् । खासगरी ठूला र चौडा सडक अनि गगनचुम्बी घरहरू देखेर फलानो देशले या फलानो ठाउँले त 'विकासमा चमत्कार नै गरेछ' भन्नेहरू समाज बुझेकै तप्कामा छन् । नेपालमा पनि सडक सञ्जाल नै विकास हो भनेर लामो समय लगाएर निर्मित 'विकासे भाष्य' र यसबाट आइरहेको परिणामले नेपाली समाजले भोगिरहेको नियतिका बारे चर्चा गर्नु सान्दर्भिक छ । कतिपय सन्दर्भमा वैश्विक नै बनेको र खासगरी 'अविकसित' या 'अल्पविकसित' भनेर चिनिएका नेपाललगायतका देशमा विकास भनेकै भौतिक पूर्वाधारको विकास हो भन्ने भाष्यले मज्जाले जरा गाडेको छ । विकास बजेटका नाममा छुट्याइएको प्रायः सबै बजेट भौतिक पूर्वाधार अर्थात् सडक र भवन (कार्यालय, विद्यालय, मठमन्दिर र गुम्बालगायत) मा खर्च गरिरहेको नेपालमा यसबारे फरक मत धेरैलाई अप्रिय लाग्छ । अधिकांश रकम यसरी पूर्वाधारमा खर्च भयो, जसले समग्र समाजको विकासमा भन्दा पनि समाजका कुनै एक सानो पंक्तिको स्वार्थलाई मात्र सहयोग गरिरह्यो भनेर पछिल्ला दिनमा महिला तथा लैंगिक अल्पसंख्यकका हकहितमा काम गर्ने लैंगिक मैत्री, दलित मैत्री, युवा मैत्री काम या परियोजनाका लागि पनि बजेट राख्न भनियो । तर सडक सञ्जाल र भवनहरू सबै लिंग, उमेर समूह, जातजातिलाई अपरिहार्य भन्दै ती शीर्षकको बजेटलाई पनि कागजमा कायम राखे पनि खर्च गर्दा तोडमोड गरेर सडक र भवन बनाउने होडमै सरकार लागेको देखिन्छ । समाजमा आफ्नो स्वार्थलाई सबैको स्वार्थ हो भन्ने भाष्य बनाउन काबिल एक तप्काको 'भौतिक संरचना सबै लिंग, उमेर समूह, जातजातिलाई अपरिहार्य' भन्ने भनाइलाई आँखा चिम्लेर सही गरिदिने या कार्यान्वयनमा सहजीकरण गरिदिने ठालुहरू आजसम्म नेपाली समाजमा भइदिएका कारण 'विकास भनेकै सडक र भवन' भन्नेको बोली बिकिरहेको छ र यसलाई चिरेर जाने समूहको बोलवाला नभएसम्म आजको परिस्थितिमा परिवर्तनको सम्भावना छैन । समाजको विकास र अविकासमा एउटा मात्र कारणले काम गर्दैन, यो यथार्थ हो । तर लामो समय पूर्वाधारका नाममा सडक र सडककै नाममा जसरी काम गरिए, त्यसो गर्दा सम्हाल्नुपर्ने अन्य महत्त्वपूर्ण क्षेत्र खासगरी कृषि उत्पादनको क्षेत्र धराशायी बन्न पुगे भन्ने हो । जब उत्पादनमा ध्यान पुगेन, एकाएक उपभोगवाद हावी भयो । सडक सञ्जालले उपभोगवादलाई उत्पादनमा आधारितबाट आयातमा आधारित बनाउन प्रमुख माध्यम बनेर सहयोग गर्‍यो । उत्पादन या सीपमा टिकेको समाजमा एकाएक उत्पादन या सीपको भन्दा पैसाको महत्त्व बढाइदियो । गाउँघरमा उपलब्ध स्थानीय उत्पादनको माग बिस्तारै घट्न थाल्यो, सञ्चारमाध्यममार्फत विज्ञापन गर्दै समाजमा प्रयोग भई आएका सातु, चिउरा, सिरौंला, रोटी, मही, चुकौनी, जेरीजस्ता स्थानीय रूपमा उत्पादित र स्थापित खाद्य परिकारभन्दा कमसल कुरकुरे, कोकाकोलाजस्ता सामानलाई जनतासमक्ष स्थापित गराइए । स्वास्थ्य र पोषणका लागि अति उपयोगी लिटो, दुग्धजन्य परिकारका बदला हर्लिक्स र ल्याक्टोजिनहरू जनजनले सम्झन थाले र स्वास्थ्यका दृष्टिले कमसल अनि महँगो मूल्य पर्ने बाहिरबाट आयातित ती वस्तुलाई घरघर र टोलटोलसम्म पुर्‍याउन सडक सञ्जाल कामयाब भए । सडककै कारण नेपालका प्रायः गाउँ एकाएक संसारका सबै खाद्य सामग्रीका लागि बजार बने । संयोग नै होला, जब-जब हामी सडक सञ्जाललाई ' विकास' भनी त्यसकै सेरोफेरोमा काम गरिरहेका थियौं, त्यही बेला संसारमा भने पुँजीवादको पनि अरू अमानवीय रूप अर्थात् नवउदारवादले वर्चस्व बनाउँदै लगेको थियो । समग्र उत्पादन या सेवामा मानवताभन्दा मुनाफा खोज्ने उक्त नवउदारवादी व्यवस्थाले दैनिक उपभोग्य वस्तुको

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## ट्रम्पका भन्सार शुल्क लागू हुँदा आर्थिक पीडा बढ्दै



***काठमाडौं,२२ साउन ।***

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दर्जनौं देशमा उच्च आयात करहरू लगाउन बिहीबार सुरु गरेका छन् । यद्यपि उनका महिनौंको भन्सार धम्कीहरूको आर्थिक नतिजाले अमेरिकी अर्थतन्त्रका लागि दृश्यमान क्षति सिर्जना गर्न थालेको छ। मध्यरातपछि, ६० भन्दा बढी देश र युरोपलेली सङ्घ ईयूका सामानहरू १० प्रतिशत वा सो भन्दा बढीको भन्सार दरको अधीनमा आए । इयु, जापान र दक्षिण कोरियाका उत्पादनहरूमा १५ प्रतिशत कर लगाइएको छ भने ताइवान, भियतनाम र बङ्गलादेशबाट आयातमा २० प्रतिशत कर लगाइएको छ । ईयू, जापान र दक्षिण कोरियाले अमेरिकामा सयौं अर्ब डलर लगानी गर्ने पनि ट्रम्पले अपेक्षा गरेका छन् । "मलाई लाग्छ यो वृद्धि अभूतपूर्व हुनेछ", बुधबार दिउँसो ट्रम्पले भने, "भन्सारमा सयौं अर्ब डलर उठाइरहेको छ ।" तर उनले राजस्वका लागि निश्चित आँकडा दिन सकेनन् । "भन्सार दरहरूका सन्दर्भमा हामीलाई अन्तिम सङ्ख्या के हो भन्ने पनि थाहा छैन", उनले भने । अनिश्चितताका बावजुद, ट्रम्प प्रशासन उनका व्यापक भन्सारहरूको सुरुआतले विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रको बाटोका बारेमा स्पष्टता प्रदान गर्नेछ भन्नेमा विश्वस्त छ । अब कम्पनीहरूले अमेरिका कुन दिशामा जाँदैछ भन्ने बुझेपछि, उनीहरूले नयाँ लगानीहरू बढाउन र रोजगारी सुरु गर्न सक्छन् जसले अमेरिकी अर्थतन्त्रलाई उत्पादन शक्तिका रूपमा पुनः सन्तुलन गर्न सक्छ भन्ने प्रशासनले विश्वास गरेको छ । तर अहिलेसम्म, कम्पनीहरू र उपभोक्ताहरू दुवैले नयाँ करहरूको प्रभावका लागि तयारी गरिरहेका बेला अमेरिकामा स्वयं-निर्मित घाउहरूका सङ्केतहरू छन् । आँकडाले देखाएको कुरा भनेको अमेरिकी अर्थतन्त्र हो जुन अप्रिलमा ट्रम्पको भन्सारको प्रारम्भिक रोलआउटसँग परिवर्तन भयो । यो यस्तो घटना हो जसले बजार नाटक, वार्ता अवधि र बिहीबार आफ्ना विश्वव्यापी भन्सारहरू सुरु गर्ने ट्रम्पको अन्तिम निर्णयलाई निम्त्यायो । रोजगारी रोकिन थालेको, मुद्रास्फीतिको दबाब माथि उठेको र प्रमुख बजारहरूमा घरको मूल्य अप्रिलपछि गिरावट हुन थालेको आर्थिक रिपोर्टहरूले देखाएको डायनामिक इकोनोमिक स्ट्राटेजीका सिइओ जोन सिल्भियाले बताए । "कम उत्पादक अर्थतन्त्रका लागि कम कामदार चाहिन्छ", सिल्भियाले एक विश्लेषण नोटमा भने, "तर त्यहाँ अझ धेरै छ, उच्च भन्सार मूल्यहरूले कामदारहरूको वास्तविक ज्याला कम गर्दछ । अर्थतन्त्र कम उत्पादक भएको छ र कम्पनीहरूले पहिले जस्तै वास्तविक ज्याला तिर्न सक्दैनन् । कार्यको परिणाम हुन्छ ।" तैपनि, भन्सार हरूको अन्तिम परिवर्तनहरू अज्ञात छन् र वर्षौंमा नभई महिनौंमा खेल्न सक्छ । धेरै अर्थशास्त्रीहरू अमेरिकी अर्थतन्त्र तुरुन्तै पतन हुनुको सट्टा बिस्तारै क्षय हुने जोखिमा रहेको बताउँछन् । "हामी सबै चाहन्छौं कि यो टेलिभिजनका लागि बनाइएको जहाँ यो विस्फोट हो – यो त्यस्तो होइन", जर्जटाउन विश्वविद्यालयका प्रोफेसर ब्राड जेन्सनले भने, "यो गियरहरूमा राम्रो बालुवा हुनेछ र चीजहरूलाई सुस्त बनाउनेछ ।" ट्रम्पले निरन्तर व्यापार घाटा कम गर्ने तरिकाका रूपमा भन्सार शुल्कलाई बढावा दिएका छन् । तर आयातकर्ताहरूले कर लागू हुनुअघि नै थप सामानहरू आयात गरेर करबाट बच्न खोजे । नतिजाका रूपमा, वर्षको पहिलो छ महिनामा पाँच खर्ब ८२ अर्ब ७० करोड डलर व्यापार असन्तुलन सन् २०२४ को तुलनामा ३८ प्रतिशत बढी थियो । गत वर्षको तुलनामा कुल निर्माण खर्च दुई दशमलव नौ प्रतिशतले घटेको छ र ट्रम्पले प्रतिज्ञा गरेका कारखाना रोजगारीहरू अहिलेसम्म रोजगारी हानिमा परिणत भएको छ । बिहीबारसम्मको नेतृत्वले ट्रम्पको भन्सारहरूको अव्यवस्थित प्रकृतिलाई फिट गर्दछ, जुन विभिन्न रूपमा रोल आउट गरिएको छ, पछि हटेको छ, ढिलाइ भएको छ, बढेको छ, पत्रद्वारा लगाइएको छ र उन्मादपूर्वक पुनः सम्झौता गरिएको छ । प्रक्रिया यति अस्तव्यस्त भएको छ कि मुख्य व्यापारिक साझेदारहरूका अधिकारीहरू हप्ताको सुरुआतमा भन्सारहरू बिहीबार वा शुक्रबार सुरु हुन्छ कि भनेर अस्पष्ट थिए । अगस्ट १ देखि भन्सारहरूको सुरुआतलाई ढिलाइ गर्ने जुलाई ३१ को आदेशको भाषाले उच्च कर दरहरू सात दिनमा सुरु हुनेछ भनेको छ । बुधबार बिहान ह्वाइट हाउस राष्ट्रिय आर्थिक परिषद्का निर्देशक केभिन ह्यासेटलाई नयाँ करहरू बिहीबार मध्यरातमा सुरु भयो कि भनेर सोधिएको थियो र उनले पत्रकार हरूले अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयमा जाँच गर्नुपर्ने बताए । गत बुधबार राष्ट्रपति ट्रम्पले रुसबाट आयात गरिने तेलमा २५ प्रतिशत अतिरिक्त कर लगाउने घोषणा गरेका थिए, जसको कुल आयात कर ५० प्रतिशत पुगेको थियो ।

## भारतीय किसानको हितविपरीत सम्झौता गर्दिनँ, जस्तोसुकै मूल्य चुकाउन पनि तयार छु : मोदी

***काठमाडौं,२२ साउन ।***

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो देशका किसानको हितविपरीत कुनै सम्झौता नगर्ने दृढता व्यक्त गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतमाथि ५० प्रतिशत भन्सार शुल्क थोपरेलगत्तै मोदीको यस्तो भनाइ आएको हो । आफूले भारी मूल्य चुकाउनु परेपनि किसानको हितविपरित कुनै सम्झौता नगर्ने मोदीको भनाइ छ । राजधानी नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा उनले अमेरिका वा ट्रम्पको नाम भने लिएनन् । बुधबारमात्रै ट्रम्पले भारतले रुससँग तेल खरिदलाई निरन्तरता दिएको भन्दै भारतीय सामानमा थप २५ प्रतिशत शुल्क बढाएर ५० प्रतिशत पुऱ्याएका थिए ।

यो शुल्क आगामी अगस्ट २८ देखि लागू हुने अपेक्षा गरिएको छ । भारतीय विदेश मन्त्रालयले ट्रम्पको यस कदमलाई 'अत्यन्त दुर्भाग्यपूर्ण' भनेको छ । मन्त्रालयले राष्ट्रिय हितको रक्षाका लागि आवश्यक सबै कदम चाल्ने पनि उल्लेख गरेको छ । अमेरिकाले भारतीय कृषि बजारमा सहज पहुँच चाहेको छ ।

यद्यपि भारतले अमेरिकाको यस्तो प्रस्ताव अस्वीकार गर्दै आएको छ । समाचार संस्था रोयटर्सका अनुसार भारतले कृषि बजारमा अमेरिकालाई पहुँच दिन अस्वीकार गर्ने र रुसी तेल किन्न नछाड्ने भएपछि भारत र अमेरिकाबीच ५ चरणका व्यापार वार्ता अवरुद्ध भएको छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको
कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको
कार्यालय, पर्सा

### मधेशमा बन्द मुट्ठीको.........

यी मोर्चा आबद्ध दलहरू जनतासँग संवाद गर्नबाट चुके । निर्वाचनका क्रममा मत माग्न घरदैलो पुग्नु, पार्टी विस्तारका लागि अनेकानेक कार्यक्रम गर्नु मात्रले वास्तविक अर्थमा जनसंवाद हुँदैन । यस पटक मोर्चा जनजागरण लिएर मधेश झर्दा भुइँमान्छेहरूका कुरा सुन्न पाउँछ । त्यहाँ बहुआयामी कुरा उठ्नेछन् । अहिलेको मधेशको छटपटी र उकुसमुकुसको मात्रा थाहा पाउँछन् । यसरी जाने उपक्रम लामो अन्तरालपछि हुँदै छ, यसकारण पनि जमिनीस्तरमा उत्सुकता व्याप्त छ । मोर्चा आबद्ध दल वा नेताहरूले सम्झिराख्नुपर्ने सत्य हो, जनता नै उनका तागत हुन् । शिवु सोरेनले जनतासँगको निकटतालाई कहिल्यै पनि क्रमभंग गरेनन् । मधेशतिर आहान छ, बन्द मुट्ठी है तो लाख की, खुल गई तो खाक की । मोर्चामा रहेका दल वा नेतामध्ये कतिपयलाई अझै पनि लाग्दो होला- 'म नै मधेश हुँ ।' नयाँ-पुराना दलमध्ये कसैलाई पनि यस्तो भ्रमले च्याप्न सक्छ वा चेपुवामा होलान् पनि । मोर्चा क्रियाशील रहिरह्यो भने त्यो बन्द मुट्ठीको जस्तै असर गर्छ । मधेशका जनताले पत्याउने आधार नै यहाँका क्षेत्रीय शक्तिको आपसी एकजुटता हो । तसर्थ मधेश झर्ने काम फगत राजनीतिक प्रोपोगन्डामा सीमित नहोस् । नेताहरूका आत्मश्लाघायुक्त भाषण सुन्न कोही चाहँदैन । साभार ईकान्तिपुर ।

### "सडक नै विकास" ठान्ने....

गुणस्तरमा कम्प्रोमाइज गरेर नाफा कमाउन उत्साहित गर्ने हो । सडक सञ्जालका कारण जब नेपाली गाउँघरमा नवउदारवादी उत्पादनको पहुँच पुग्यो, नितान्त नाफाका उद्देश्यले उत्पादित सामान र गाउँघरमा किसानले आफ्नै लागि भनेर आफैंले उत्पादन गरेका सामानको परल मूल्य उस्तै हुने कुरै थिएन । परिणाम, नाफाका लागि उत्पादित र तयार भएका सामानले बजार पायो भने स्थानीय उत्पादन बिस्तारै बिक्न छाडे । अलिक मिहिनेत गरेर केही बढी उत्पादन गर्न सके आफूले उपभोग गर्नेजति गरेर बाँकी उत्पादन बेचेर गर्जो टार्दै आएका स्थानीयको दैनन्दिनको इकोसिस्टममा नै यहाँनेर आएर एकाएक उथलपुथल भयो । साभार ईकान्तिपुर ।

### पर्साको भाठा धामम...........

अध्यक्ष थारू बताउँछन् ।साउन महिनाभर लाग्ने मेलामा भाठा धाममा भक्तजनको घुइँचो लाग्ने गर्छ । तीमध्ये करिब ७५ प्रतिशत भारतीय श्रद्धालु हुन्छन् । तर जङ्गली जनावरको जोखिमका कारण बेलुका ७ बजेदेखि बिहान ६ बजेसम्म मन्दिर पुग्ने सडक बन्द गरिन्छ ।

### पर्सामा मल वितरणमा.........

गरेका छन्," उनले आरोप लगाए । जवाफमा जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लोकराज भट्टले ट्राफिकबाट असजिलो सृजना भए तत्काल उजुरी दिन आग्रह गर्दै दोषी ट्राफिकमाथि कडा कारबाही हुने बताएका छन् । बीरगन्ज-१९ का कृषि सहकारी अध्यक्ष लक्ष्मण साहले वडाध्यक्ष र राजनीतिक नेताहरूको दबाबले सीमित मलको वितरणमा समस्या निम्तिएको बताए । "मल पर्याप्त छैन, बाँडफाँड गर्दा राजनीतिक हस्तक्षेप झन् समस्याको उनले स्पष्ट पारे ।जिल्ला प्रशासनले अब मल वितरण प्रणाली सुधार, अनियमितता नियन्त्रण र किसानलाई प्राथमिकता दिने गरी कडाइका साथ अनुगमन र कारबाहीको तयारी थालेको छ । किसानको हकहित सुरक्षित राख्दै वितरण प्रणालीलाई व्यवस्थित बनाउन प्रशासन थप सक्रिय हुँदै गएको छ ।

### पुरानै सञ्चालक प्रिस्टिन....

**रेल्वे ज्याक परिचालन** प्रिस्टिनका सल्लाहकार हेमेन्द्रमोहन शाहीका अनुसार, अघिल्लो पाँच वर्षको अवधिमा कम्पनीले ५,४७० रेल्वे ज्याक बन्दरगाहमार्फत परिचालन गरिसकेको छ । तीमध्ये ३,४७१ कन्टेनर ज्याक, १,१७१ बोरा बन्द कार्गो ज्याक (ब्रेकबल्क), ५४९ फलामजन्य सामग्री ज्याक (ब्रेकबल्क) र २७९ लुज कार्गो ज्याक रहेका छन् । त्यस अवधिमा बन्दरगाह हुँदै ३ लाख ४ हजार २ सय ९५ कन्टेनर, २५ लाख ९६ हजार ८ सय ७६ मेट्रिक टन बोरा बन्द सामान, १३ लाख २ हजार १ सय ८ मेट्रिक टन फलामजन्य वस्तु र १० लाख ३४ हजार ३ सय ३४ मेट्रिक टन लुज कार्गो वस्तु नेपालमा भित्रिएको छ ।

**व्यापारीको सुझाव : सेवा गुणस्तरीय बनोस्** वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले पुनः पुरानै कम्पनीले बन्दरगाहको जिम्मा पाउनु स्वागतयोग्य भए पनि अघिल्लो कार्यकालमा देखिएका कमजोरी सुधार गरी आयात-निर्यातकर्तालाई अझ गुणस्तरीय सेवा दिनुपर्ने सुझाव दिएका छन् । इन्टरमोडल समितिले सुक्खा बन्दरगाह सञ्चालनका लागि सुरु देखिनै निजी क्षेत्रलाई जिम्मेवारी दिँदै आएको छ । सुरुमा डेढ दशकसम्म कोंकरकै सहायक कम्पनी हिमालयन टर्मिनलले बन्दरगाह सञ्चालन गरेको थियो ।

### सात दिनको कठिन...........


यात्रा धार्मिक विश्वास, सामुदायिक सहभागिता र सीमा पारको सांस्कृतिक सम्बन्धको पनि जीवित उदाहरण बनेको छ ।

### मधेशमा "लम्पी स्किन.......

संक्रमण र पशु मृत्युको संख्याले रोग नियन्त्रणमा चुनौती थपिएको देखिन्छ । किसानहरूलाई सतर्क रहन र पशुमा लक्षण देखिएमा तुरुन्तै नजिकको पशु चिकित्सकसँग सम्पर्क गर्न विभागले आग्रह गरेको छ ।पशु सेवा विभागको तथ्यांकअनुसार, कोशी प्रदेशपछि सबैभन्दा बढी संक्रमण मधेशमा देखिएको छ । यो स्थितिले मधेशको कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्रमा गम्भीर असर पार्ने खतरा देखिएको छ ।

# स्वास्थ्य

## आमा बन्दै हुनुहुन्छ ?



आमा बन्नु आफैमा अनमोल अनुभव हो । आफ्नो कोखको बच्चालाई स्तनपान गराउँदा, काखमा खेलाउँदा, स्पर्श गर्दा, चुम्बन गर्दा जुन आनन्दानुभूत हुन्छ, त्यो अरु कुनै अवस्थामा प्राप्त हुँदैन । तर, यो एक जटिल र संवेदनशिल क्षण पनि हो । खासगरी पहिलो पटक आमा बन्दै हुनुहुन्छ भने धेरै कुरामा ध्यान दिनुपर्ने हुन्छ । गर्भमा हुर्कदै गरेको बच्चाको शारीरिक र मानसिक विकास कसरी हुन्छ ? त्यसका लागि आफुले के कस्ता सावधानी अपनाउनुपर्छ ? मनन गर्नुपर्छ ।

**पहिलो कुरा** पहिलो त कुन उमेरमा सन्तानको योजना बनाउने वा गर्भधारण गर्ने ? थाहा हुनुपर्छ । सबैभन्दा राम्रो २५ देखि ३० वर्षको उमेरमा एउटी महिला आमा बन्नका लागि सबैभन्दा बढी योग्य मानिन्छ । यसबेला महिलाको डिम्बको गुणस्तर राम्रो हुन्छ, जसले स्वस्थ बच्चा जन्म दिन सकिन्छ । त्यस्तै प्रसूतिको समयमा जटिलता आउने जोखिम पनि कम हुन्छ ।

गर्भधारणपछि आफुलाई मानसिक र शारीरिक रुपमा स्वस्थ राख्न जरुरी छ । **दोस्रो कुरा** गर्भधानपछि आफ्नो स्वास्थ्य अवस्थाबारे चिकित्सकसँग छलफल गर्नुपर्छ । यसमा आफ्नो पारिवारिक इतिहासदेखि अहिले कुनै रोग छ वा छैन भन्ने कुरा गरेर त्यसैको आधारमा के कस्ता सर्तकता अपनाउने भन्ने टुंगो गर्न सकिन्छ । जस्तो कसैलाई वंशानुगत रोग छ वा छैन, उच्च रक्तचाप, मधुमेह छ वा छैन, क्यान्सर, एचआइभी जस्ता समस्या छ वा छैन ? यसबारे स्पष्टसँग छलफल गर्नुपर्छ । यदि आफुलाई कुनै दीर्घरोग छ वा कुनै स्वास्थ्य समस्या छ भने त्यस्तो अवस्थामा गर्भको बच्चालाई हानि हुन्छ वा हुँदैन, प्रसूतिका क्रममा समस्या हुन्छ वा हुँदैन ? चिकित्सकसँग राम्ररी बुझ्नुपर्छ । गर्भावस्थामा के कस्ता शारीरिक परिवर्तन आउँछ ? यसबारे चिकित्सकसँग परामर्श लिनु उत्तम हुन्छ । पारिवारिक इतिहास, जोखिम कारक, स्वास्थ्य अवस्था, जीवनशैली आदिमा छलफल गरेर चिकित्सकले आफ्नो लागि सही परामर्श दिन सक्छन् ।

**तेस्रो कुरा**


सबै ठाउँमा चिकित्सक उपलब्ध वा अनुकुल नहुन सक्छन् । तर, अहिले इन्टरनेटको जमाना छ । इन्टरनेटबाट विभिन्न सामाग्री फेला पार्न सकिन्छ, जसले गर्भधानपछि अपनाउनुपर्ने सावधानीबारे जानकारी दिएको हुन्छ । युट्युबमा वा विभिन्न मिडियामा प्रसूतिरोग विशेषज्ञले दिएको सुझाव, अर्न्तवार्ता पढ्न उचित हुन्छ ।

यससँगै आफुलाई पायक पर्ने ठाउँमा कुन स्वास्थ्य चौकी वा अस्पताल छ ? जानकारी राख्नुपर्छ । एम्बुलेन्स सेवाको सम्पर्क नम्बर लिनुपर्छ । संभव भएसम्म चिकित्सकको सम्पर्क नम्बर लिनुपर्छ र आवश्यक परेको बेला फोनबाटै परामर्श लिनुपर्छ ।

# नेपाल अब विद्युत् निर्यातकर्ता : एक वर्षमै साढे १७ अर्ब रुपैयाँ बराबरको बिजुली निर्यात

**काठमाडौं,२२ साउन ।**

विद्युत् क्षेत्रमा ऐतिहासिक उपलब्धि हात पार्दै नेपालले आर्थिक वर्ष २०८१/८२ मा भारत र बङ्गलादेशलाई गरी साढे १७ अर्ब रुपैयाँभन्दा बढीको बिजुली निर्यात गरेको छ। योसँगै नेपाल खुद विद्युत् आयातकर्ता राष्ट्रबाट निर्यातकर्ता राष्ट्रमा रूपान्तरण भएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार भारतमा करिब १७ अर्ब १९ करोड रुपैयाँ र बङ्गलादेशमा २६ करोड ६७ लाख रुपैयाँ बराबरको विद्युत् निर्यात गरिएको छ । कुल निर्यात रकम १७ अर्ब ४६ करोड रुपैयाँ नाघेको छ, जुन अघिल्लो वर्षको तुलनामा उल्लेखनीय वृद्धि हो । सन् २०८०/८१ मा भारतमा १६ अर्ब ९३ करोडको बिजुली निर्यात गरिएको थियो । हाल नेपालले भारतका विभिन्न राज्यहरूमा दैनिक ७ सय मेगावाटभन्दा बढी विद्युत् आपूर्ति गरिरहेको छ । ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन र भारत-बङ्गलादेश सीमास्थित बेहरामपुर-भेडियारी लाइनमार्फत बङ्गलादेशमा समेत विद्युत् निर्यात भइरहेको छ । विद्युत् निर्यात मात्र बढेको छैन, आयात भने घट्दै गएको ऊर्जा मन्त्रालयको भनाइ छ । अघिल्लो वर्ष भारतबाट



करिब १२ अर्ब ९२ करोड रुपैयाँ बराबरको विद्युत् आयात भए पनि हाल त्यो परिमाण घट्दो क्रममा रहेको ऊर्जा मन्त्री दीपक खड्काले बताएका छन् । मन्त्री खड्काले नेपालले ऊर्जाको क्षेत्रमा आत्मनिर्भरता हासिल गर्नुका साथै ऊर्जा कूटनीतिको नयाँ युगमा प्रवेश गरेको उल्लेख गरे । उनका अनुसार भारत, नेपाल र बङ्गलादेशबीचको त्रिपक्षीय सम्झौता अन्तर्गत नेपालले बङ्गलादेशलाई ४० मेगावाट विद्युत् निर्यात गर्दै आएको छ, जसको मूल्य प्रतियुनिट ६.४० अमेरिकी सेन्ट छ। भारतमा "डे अहेड" र "रियल टाइम मार्केट" मा प्रतिस्पर्धी दरमा विद्युत् निर्यात भइरहेको छ । साथै, एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेड (NVVN) मार्फत पनि मध्यकालीन सम्झौताका आधारमा नियमित आपूर्ति भइरहेको प्राधिकरणले जनाएको छ। ऊर्जामन्त्री खड्काले नेपाललाई समृद्ध बनाउने यात्रामा ऊर्जा क्षेत्र प्रमुख इन्जिन बन्ने विश्वास व्यक्त गरे। उनले भने, "नेपाल अब ऊर्जाको निर्यात गर्ने देश बनेको छ। यो यात्रामा प्रत्यक्ष अप्रत्यक्ष योगदान गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु । अबको लक्ष्य नेपाललाई ऊर्जा-समृद्ध मुलुक बनाउने हो ।" यसरी, नेपालले जलस्रोतको सामर्थ्यलाई आर्थिक अवसरमा रूपान्तरण गर्दै विद्युत् निर्यातमार्फत अन्तर्राष्ट्रिय कूटनीति र आन्तरिक समृद्धिको यात्रा थालिसकेको स्पष्ट देखिन्छ।

# सडक मर्मतको माग गर्दै ई-रिक्सा चालक आन्दोलित

**जनकपुर,२२ साउन ।**

सडक नबन्दा यात्रुलाई ओहोरदोहर गर्न सास्ती भइरहेको भन्दै सप्तरीको खडक नगरपालिकाका ई-रिक्सा चालक आन्दोलित भएका छन् । उनीहरुले बिहीबार कुशमाहार खरचुहिया सडक अवरुद्ध गरेका छन् । बिहानैदेखि वडा नम्बर ५ गौरुराहास्थित ढाट लगाएर उनीहरुले सडक अवरुद्ध गरेका हुन् । वर्षापछि हिलाम्य बनेको सडकमा अत्यधिक खाल्डाखुल्डीले दुर्घटना बढेपछि आन्दोलन गर्न बाध्य भएको ई-रिक्सा चालक रविनाथ चौधरीले बताए । 'यहाँबाट दक्षिणतर्फ एक किलोमिटर जाँदा राम्रो सडक बनेको छ तर खरचुहिया बजारसम्म खुक्खा याममा धुलाम्मे र वर्षामा हिलाम्मे रहन्छ,' उनले भने, 'खाल्डाखुल्डीले दैनिक ४/५ वटा ई-रिक्सा पल्टिरहँदा पनि सडक बनाउने वा मर्मत गर्ने/गराउनेतर्फ कसैको ध्यान पुगेको छैन ।' उनले मेहनत गरेर गुजारा चलाइरहेकालाई स्थानीयदेखि संघ सरकारसम्मले उपेक्षा गर्दै आएको गुनासो गरे ।

'सडकको दुरावस्थाले ई-रिक्सामा यात्रु चढ्नै मान्दैनन्, हामीलाई गुजारा चलाउन कठिन भइरहेको छ,' उनले थपे, 'तर, हाम्रो समस्या कसैले बुझिरहेका छैनन् ।' उनीहरुले अविलम्ब सडक मर्मत हुनुपर्ने माग गरेका छन् ।

# गोपाल खेतान आदर्शनगर रंगशालाको संयोजक नियुक्त

**बीरगन्ज, २२ साउन ।**

बीरगन्ज महानगरपालिका-१० स्थित आदर्शनगर रंगशालाको संरक्षण, सम्वर्द्धन र प्रभावकारी सञ्चालनको जिम्मेवारी गोपाल प्रसाद खेतानलाई दिइएको छ । महानगर प्रमुख राजेशमान सिंहको हस्ताक्षर युक्त पत्रमार्फत खेतानलाई संयोजक तोकिएको हो । उक्त पत्रमा उल्लेख भएअनुसार, खेतानले विगतमा रंगशालाको समुचित संरक्षण र व्यवस्थापनमा देखाएको योगदान प्रशंसनीय रहेको हुँदा उनलाई यो महत्वपूर्ण जिम्मेवारी दिइएको जनाइएको छ । महानगरपालिकाले अब आदर्शनगर रंगशालालाई खेलकुद वृत्ति विकास र स्तरोन्नतिमा केन्द्रित रूपमा प्रयोग गर्ने नीति लिएको छ । सोही नीति कार्यान्वयनलाई अघि बढाउन खेतानको अनुभव, सिप र समर्पण उपयोगी हुने विश्वास गरिएको छ । संयोजकको हैसियतमा खेतानले रंगशालाको समन्वय, आवश्यक मर्मत-सम्भार, व्यवस्थापन, र स्थानीय खेल गतिविधि प्रवर्द्धनमा नेतृत्व गर्ने अपेक्षा नगरपालिकाले राखेको छ। गोपाल खेतान संयोजक बनेको समाचार सार्वजनिक भएसँगै खेलकुद क्षेत्रका अभियन्ता, खेलाडी र स्थानीय बासिन्दाले निर्णयको स्वागत गरेका छन् । उनीहरूले खेतानको नेतृत्वमा रंगशालाको संरक्षण र प्रयोग थप व्यवस्थित हुने विश्वास व्यक्त गरेका छन्। महानगर प्रमुख सिंहले खेतानलाई सफल कार्यकालको शुभकामना दिँदै, ईमान्दारिता र लगनशीलताका साथ जिम्मेवारी निर्वाह गर्न आग्रह गरेका छन्। बीरगन्जको आदर्शनगर रंगशाला एक प्रमुख खेल संरचना हो जहाँ विभिन्न राष्ट्रिय तथा स्थानीय खेल तथा कार्यक्रमहरू आयोजना हुँदै आएका छन्। पछिल्ला वर्षहरूमा यसको संरक्षण र स्तरोन्नतिको माग निरन्तर उठ्दै आएको थियो।

# क्रेन दुर्घटनामा परी एक जनाको मृत्यु

**बीरगन्ज,२२ साउन ।**

बाराको जीतपुर सिमरा उपमहानगरपालिका-९ मा रहेको नारायणी स्पार्क प्रालिमा क्रेन दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ । घटनामा भारत उत्तर प्रदेश, ननौरा बलियाका ५३ वर्षीय क्रेन अपरेटर रामभवन यादवको ज्यान गएको जिल्ला प्रहरी कार्यालय बाराले पुष्टि गरेको छ । प्रहरीका अनुसार, गए राति क्रेनमार्फत फलाम उठाउने क्रममा उक्त फलाम आफैं क्रेन अपरेटर यादवको टाउकोमा खस्दा उनी गम्भीर घाइते भएका थिए ।

तत्काल उपचारका लागि वीरगञ्जस्थित नारायणी अस्पताल लगिए पनि उपचारकै क्रममा उनको मृत्यु भएको हो । प्रहरी निरीक्षक खेम नेपालले घटनाबारे जानकारी दिँदै अनुसन्धान अघि बढाइएको बताए ।

# चुरे संरक्षण मधेसको भविष्यसँग जोडिएको छ : मुख्यमन्त्री सिंह

**जनकपुर,२२ साउन ।।**



मधेस प्रदेशका मुख्यमन्त्री शतिसकुमार सिंहले चुरे क्षेत्रको संरक्षणलाई मधेसको दीर्घकालीन भविष्यसँग जोडिएको बताउँदै जल, जमिन र वनको संरक्षण बिना दिगो विकास सम्भव नरहेको बताएका छन् । जनकपुरधाममा आयोजित 'चुरे-तराई-मधेस क्षेत्रको पानी संरक्षण तथा व्यवस्थापन' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले प्रदेश सरकारले वातावरणीय संरक्षणलाई नीति र कार्यान्वयन दुवै स्तरमा प्राथमिकता दिएको बताए । उनले भने, "चुरे क्षेत्रको संरक्षण गर्नु भनेको बाढी, सुख्खा, भूमिगत जलको अभावजस्ता समस्याको दीर्घकालीन समाधान गर्नु हो ।" उक्त अन्तरक्रिया कार्यक्रम राष्ट्रपति चुरे-तराई-मधेस संरक्षण विकास समिति, रेड कार्यान्वयन केन्द्र र मधेस प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयको संयुक्त आयोजनामा सम्पन्न भएको हो । मुख्यमन्त्री सिंहले संघीय, प्रदेश र स्थानीय तहबीच प्रभावकारी सहकार्य बिना जलस्रोत संरक्षण र व्यवस्थापन असम्भव हुने स्पष्ट पारे । "हामी सबै तहका सरकार र सरोकारवाला हातेमालो गर्दै अघि बढ्नुपर्छ," उनले भने । मधेस प्रदेशका वन तथा वातावरणमन्त्री सञ्जयकुमार यादवले चुरे क्षेत्रको अनियन्त्रित दोहनले तराई-मधेसमा जलसंकट र बाढीको जोखिम झनै गम्भीर बनाएको बताए । "वैज्ञानिक अनुसन्धान, स्थानीय सहभागिता र सरकारको स्पष्ट प्रतिबद्धता बिना समस्या समाधान सम्भव छैन," मन्त्री यादवको भनाइ थियो । राष्ट्रपति चुरे संरक्षण समितिका अध्यक्ष डा. किरण पौडेलले चुरे क्षेत्रका पानीका मुहानहरू जोगाउन नसके मधेसमा पानीको संकट थप चर्किने चेतावनी दिए । "संरक्षणमा एक मात्र निकायको प्रयास पर्याप्त हुँदैन," उनले भने, "संघीयदेखि स्थानीय तहसम्मको समन्वय अपरिहार्य छ ।" कार्यक्रममा वन विज्ञ, वातावरणविद्, स्थानीय सरकारका प्रतिनिधि, जनप्रतिनिधि, तथा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो ।

# जनमत पार्टी संघीय लोकतान्त्रिक मोर्चाबाट अलग

**काठमाडौं,२२ साउन ।**




सीके राउत नेतृत्वको जनमत पार्टी तराई-मधेसकेन्द्रित सात दलीय संघीय लोकतान्त्रिक मोर्चाबाट बाहिरिएको छ। रुपन्देही-३ मा कात्तिक १७ गते हुने उपनिर्वाचनमा मोर्चाको साझा उम्मेदवार बनाउने सहमतिबाट असहमत जनाउँदै जनमतले आफ्नै उम्मेदवार उठाउने घोषणा गरेको हो । जनमत पार्टीका प्रवक्ता शरदसिंह यादवले मोर्चाबाट बाहिरिएको पुष्टि गर्दै भने, "संघीय लोकतान्त्रिक मोर्चा कसैलाई सांसद वा मन्त्री बनाउने माध्यम होइन ।

हाम्रो दृष्टिकोण फरक भएकाले हामी निर्वाचनका सन्दर्भमा एउटै धारमा रहन सकेनौं ।" मोर्चाले यसअघि रुपन्देही-३ उपनिर्वाचनमा नागरिक उन्मुक्ति पार्टीका तर्फबाट साझा उम्मेदवार उठाउने निर्णय गरेको थियो । तर, सो निर्णयप्रति असन्तुष्टि जनाउँदै जनमत पार्टीले मोर्चामा रहन सम्भव नभएको स्पष्ट पारेको हो । यद्यपि, प्रवक्ता यादवले संविधान संशोधनजस्ता महत्त्वपूर्ण राष्ट्रिय मुद्दामा मोर्चासँग सहकार्यको सम्भावना खुला रहेको संकेत पनि गरेका छन् ।

जनमत पार्टीको यस निर्णयसँगै रुपन्देही-३ मा हुने उपनिर्वाचनको राजनीतिक समीकरणमा नयाँ मोड आएको छ ।

# मधेशमा "लम्पी स्किन" रोगको प्रकोप : १७९ पशुको मृत्यु

**बीरगन्ज, २२ साउन ।**

मुलुकभर फैलिँदै गएको गाईभैंसीमा लाग्ने 'लम्पी स्किन' रोगले मधेश प्रदेशमा पनि गम्भीर प्रभाव पारेको छ । प्रदेशका ८ जिल्लामा यो भाइरल रोग फैलिसकेको छ, जसबाट अहिलेसम्म ४,४९२ वटा पशु संक्रमित भइसकेका छन् भने १७९ वटा गाईभैंसीको मृत्यु भइसकेको छ । 'लम्पी स्किन' एक भाइरल रोग हो, जुन विशेषगरी गाईभैंसीमा देखिन्छ। यो रोग लामखुट्टे, भुसुना वा अन्य किराहरूको टोकाइबाट एक पशुबाट अर्कोमा सर्ने गर्दछ। शरीरमा गिर्खा (गाँठागुँठी) देखिनु, ज्वरो आउनु, दूध उत्पादनमा गिरावट आउनु, तथा पशुहरू कमजोर हुनु यसको प्रमुख लक्षणहरू हुन्। पशु सेवा विभागका अनुसार, मधेश प्रदेशसहित ६ वटा प्रदेशमा फैलिएको यस रोगविरुद्ध खोप अभियान तीव्र रुपमा सञ्चालन गरिएको छ । विभागका अनुसार हालसम्म ५ लाख ६१ हजार ७५१ वटा पशुमा खोप लगाइएको छ। तर, मधेशमा लगातार बढिरहेको

बाँकी तेश्रो पृष्ठमा⇨

युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किनः**

- ❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- ❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- ❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- ❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- ❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- ❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

करैयामाई गाँउपालिकाको कार्यालय,बारा